# भूमे साप्ताहिक

वर्ष ७ अङ्क ०१ साउन ०४ आईतबार


## सम्पादकीय

# प्रकोपलाई रोक्न सकिदैन सजक बनौं

भूमे गाउँपालिका ७ धर्मशालामा थवाङ खोलाले बगाएको तीन वटा घरका घटनाले गम्भीर क्षति पुऱ्याएको छ। साउने रोका, कबिराज रोका र सुरेश रोकाको घर–बार, आमा–बुबाले उत्पादन गरेको अन्नपात र घरेलु सामग्रीहरु बगाएको छ। यस्तै, रुकुमपूर्वको शहीद मार्ग अन्तर्गत भूमे–पुथाउत्तरगंगा सडक खण्डमा वर्षाले खसेको पहिरोले सवारी साधन रोकिएको घटना ताजा नै छ। गाउँपालिकाले तत्काल सडक सञ्चालन गर्ने लक्ष्य लिए पनि निकै भारी वर्षाकव कारण निकै कठिन भएको छ। रुकुमपूर्व भौगोलिक संवेदनशीलता र भौतिक पूर्वाधारको कमजोरीको एउटा उदाहरण मात्र हो। स्थानीय तहले पहिरो हटाएर सडक सञ्चालनमा ल्याइए पनि जोखिम भने कहिल्यै सक्दैन।

यी घटनाले फेरि एकपटक हामीलाई स्मरण गराएको छ। प्राकृतिक प्रकोप टार्न सकिंदैनौं तर त्यसबाट हुने क्षति कम गर्न सक्छौं। यसको लागि हामी सबैको सजगता, पूर्वतयारी र सहकार्य तयारि अवस्थामा रहेका छौं। भूमे गाउँपालिका मात्र नभई जिललाका तीन वटै गाउँपालिका वर्षैभरि जोखिमयुक्त क्षेत्रमा पर्ने गर्दछ।

जोखिमयुक्त क्षेत्रमा उचित योजना, पूर्वसूचना प्रणाली, उद्धार टोली तयार पार्ने कामलाई निरन्तरता दिए पनि यहाँ गाउँ बस्ती निकै दुर्गम रहेको छ। तर, यो काम सरकार मात्रको होइन। हामी सबै नागरिकको चेतना र सजगता अनिवार्य छ। घर निर्माण गर्दा खोलाको किनारमा बसीरहने चलन छ, अवैध अतिक्रमण, जंगल फँडानी र नदी किनारामा जमघटले जोखिमलाई झन् बढाइरहेका छन्। यस्ता कुराले प्रकोपको भयावहता थपेर आम जनताको जीवन जोखिममा पारिरहेको छ।

हामीले आजको विकासलाई दिगो बनाउनुपर्ने आवश्यकता छ। जहाँ पर्यावरण संरक्षण र पूर्वाधार विकास सँगसँगै अघि बढ्ने हो। केवल ढुंगा, बालुवा, डोजर चलाएर सडक मात्र बनाउने कामले दीर्घकालीन सुरक्षा सुनिश्चित हुँदैन। त्यसैले हामी सजक बनौं।




प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिकामा आर्थिक वर्षको अन्तिम सार्वजनिक सुनुवाइ सम्पन्न

❖ *बालाराम शेर्पाली*




रुकुमपूर्वको भूमे गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को अन्तिम सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। समबार गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगरमा सम्पन्न भएको कार्यक्रममा पालिकाले गाउँ–गाउँमै नागरिकको घरदैलोमा गएर जनगुनासा सुन्ने प्रक्रिया टुंग्याएको हो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढामगर, नौ वटै वडाका वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, विभिन्न शाखाका प्रमुख, शिक्षक, सरोकारवाला निकायका प्रतिनिधि र सञ्चारकर्मीहरूको सहभागिता थियो। कार्यक्रममा स्थानीयहरूले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सामाजिक सुरक्षा लगायतका विषयमा समस्याहरू राखेका थिए।

सहभागीहरूले सरकारी विद्यालयमा शिक्षक दरबन्दी अभाव, कमजोर पठनपाठन, स्वास्थ्य चौकीमा कर्मचारीको अनियमित उपस्थिति, अधुरा संरचना, र कृषि कार्यक्रमको अलपत्र अवस्थाका बारेमा प्रश्न उठाका हुन।

वडाध्यक्षहरुले आफ्ना वडाहरुमा सामाजिक सुरक्षा भत्ता र आधारभूत सेवा पुऱ्याइएको भए पनि कक्षा ८ र १० को शिक्षाको गुणस्तरमा चुनौती रहेको बताएका थिए। विद्यालयको वार्षिक परीक्षा सञ्चालन सम्बन्धी प्रश्न समेत उठाएका थिए।

स्थानीय नागरिक गोवर्धन बुढामगरले भूमे २ गाबाङमा अझै पनि टिनको त्रिपालमुनि कक्षा सञ्चालन भइरहेको भन्दै स्थायी भवन बन्न नसकेको गुनासो गर्नु भएको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले नागरिकका गुनासोप्रति पालिका संवेदनशील रहेको बताउनुभयो। "शिक्षा र स्वास्थ्य सेवा सुदृढ गर्न पालिका रातदिन लागिरहेको तर भने जस्तो प्रतिफल नआउदाँ शिक्षा गुणस्तर गर्न गम्भिर छलफल गर्ने बताउनु भएको छ। उपाध्यक्ष सविना बुढामगरले

पालिकालाई नागरिकको दोस्रो अभिभावकको रूपमा रहेको र सबै समस्या समाधान गर्न गाउँपालिका क्रियाशील रहेको बताउनुभयो। प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकले चालु आर्थिक वर्षमा पालिकाले ८८ प्रतिशतभन्दा बढी विकास कार्य सम्पन्न गरिसकेको जानकारी दनुभएको छ। अधिकृत बिकले सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन निरन्तर प्रयास भइरहेको बताउनुभयो। भूमे गाउँपालिकाले यस वर्षको अन्तिम सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत स्थानीय गुनासा र आवश्यकताहरुलाई सुधारेर अगाडि बढाउने प्रतिबद्धता जनाएको छ। गाउँपालिकाले नागरिकले उठाएका विषयलाई नीति निर्माण र कार्यान्वयनमा प्राथमिकता दिने बताएको छ।

कार्यक्रमको सहजिकरण नेपाल पत्रकार महासंघ रुकुमपूर्वका उपाध्यक्ष बालाराम शेर्पालीले गरेका थिए। कार्यक्रम सञ्चालनमा नागरिकको सहभागिता अपेक्षाकृत कम देखिएको विषयमा सहभागीहरुले चिन्ता व्यक्त गरेका थिए।

# साउने संक्रान्तिमा अगुल्टो घुमाउँदै लुतो फाल्ने परम्परा

❖ ***साप्ताहिक संवाददाता***

साउने संक्रान्तिको अवसरमा रुकुमपूर्वका सिस्ने, भूमे र पुथा उत्तरगंगा गाउँपालिकाका विभिन्न गाउँ–बस्तीमा परम्परागत शैलीमा उल्लासपूर्वक पर्व मनाइएको छ। प्रत्येक वर्ष झैं यस वर्ष पनि स्थानीयहरूले साँझपख भिम्मलको भाङ्ग बाल्दै, अगुल्टो घुमाउँदै, लुतो फालेर धार्मिक एवं सांस्कृतिक विधि पूरा गरेका छन्। सूर्य मिथुनबाट कर्कट राशिमा प्रवेश गर्ने यो दिनलाई हिन्दू धर्मावलम्बीहरूले विशेष धार्मिक महत्वका साथ मनाउने गर्दछन्। यही दिनदेखि सूर्यको दक्षिणायन सुरु हुने ज्योतिषीय



मान्यता छ। भूमे गाउँपालिका–३ क्याङ्सीका स्थानीय तिलक रोका अनुसार "यो पर्वले रोग र बाधाबाट मुक्ति दिन्छ भन्ने विश्वास छ। बच्चाबच्ची र घरपरिवारका सदस्यलाई अगुल्टो घुमाएर चारै दिशातिर फाल्ने चलन छ।" उहाँका अनुसार कुरिलो, कुकुर डाइनो, भलायो जस्ता जडीबुटी बिहानै घरमा ल्याएर राख्ने र साँझपख त्यसैसँग अगुल्टो बाल्दै लुतो फ्याँक्ने प्रचलन गाउँघरतिर अझै जीवित छ। आजको दिनदेखि आरु, ओखर, टिम्मुरलगायत मौसमी फलहरू चढाउने परम्परासमेत रहेको छ। "साउने संक्रान्तिको रात राकसलाइ पूजा गरेर अगुल्टो फाल्दा वर्षभरि रोग नलाग्ने शास्त्रीय विश्वास रहेको रोकाले बताउनुभयो। जिल्लाका सयौं घरमा

बालिएको भिम्मलको उज्यालोले साँझको गाउँ नै झलमल्ल देखिएको थियो। महिलाहरू रातो–हरियो चुरा, पोते र मेहेन्दी लगाएर चोकचोकमा भेला भएका थिए। साउने सोमबार परेको यस दिन शिव मन्दिरहरूमा पूजा, व्रत र दर्शनका लागि भक्तजनको घुइँचो लागेको थियो।

पछिल्ला वर्षहरूमा टोलटोलका युवाहरूको सक्रियतामा यो पर्व अझ व्यवस्थित र आकर्षक बनेको छ। संस्कृति जगेर्नामा स्कुले बालबालिका, युवा क्लब र महिला समूहहरूको सहभागिता बढ्दै गएको छ।

# राजस्व संकलनमा भूमे गाउँपालिकाको फड्को: एक वर्षमै ९ लाखले वृद्धि




❖ ***बालाराम शेर्पाली***

रुकुमपूर्वको भूमे गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा ६५ लाख ९३ हजार ६ सय २० रुपैयाँ राजस्व संकलन गरेको छ। यो अघिल्लो वर्षको तुलनामा करिब ९ लाख ३० हजार रुपैयाँले बढी हो।

गत वर्ष सोही अवधिमा ५६ लाख ६३ हजार ६ सय ७९ रुपैयाँ मात्र संकलन भएको थियो। गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा ७३ लाख ४५ हजार ६ सय ५० रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको थियो।

गाउँपालिकाका लेखा अधिकृत विजय बाठा मगरका अनुसार, राजस्व संकलन प्रणालीलाई आधुनिकीकरण गर्दै पारदर्शिता र प्रभावकारिता बढाउन सफ्टवेयर प्रणाली लागू गरिएको हो। "दुई वर्षअघि लागू गरिएको यो डिजिटल प्रणालीले राजस्व संकलन प्रक्रिया सजिलो, छरितो र नियमनमा ल्याएको छ," अधिकृत बाठा मगरले भन्नुभयो। गाउँपालिकाबाट चालु वर्षको असार मसान्तसम्म २३ लाख २७ हजार १ सय २५ रुपैयाँ संकलन गरिएको छ। गएको वर्षहरूमा राजस्व संकलन अपेक्षा अनुसार हुन नसक्नुको पछाडि कर

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुकुम
कार्यालयको कोड : ८०५५३५०२३००

राजस्व संकलन गर्ने कार्यालय अनुसार राजस्व

आ.व. : २०८१/८२ प्रकार : आन्तरिक राजस्व खाता अवधी : २०८१/०४/०१-२०८२/०३/३२

| क्र.सं. | संकेत | राजस्व शीर्षक | राजस्व संकलन गर्ने कार्यालय | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भूमे गाउँपालिका, रुकुमकोट | भूमे गाउँपालिका,१ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,२ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,३ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,४ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,५ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,६ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,७ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,८ नं. वडा कार्यालय, रुकुमकोट | भूमे गाउँपालिका,९ नं. वडा कार्यालय, रुकुमकोट | जम्मा | |
| १ | ११३१३ | सम्पती कर | ३०.०० | ४,१०८.३२ | ४,१००.०० | ५,७०१.१४ | ३,९८०.०० | ५,६९५.०० | ५,४९०.०० | ६,९०५.०० | ५,८७५.५० | १०,१९०.०० | ५२,०७४.९६ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ७०७.६६ | १,१२,९५७.५७ | ९९,९५७.४९ | १,८३,६१८.४५ | ८९,७४९.७५ | ६८,३१४.८५ | १,१८,३०३.३० | १,४७,६२९.७७ | १,०८,९९८.५४ | १,६३,३१२.४१ | १०,९३,५४९.७९ | |
| ३ | ११३१७ | वहाल कर | १,८३,३७४.५० | ५,०००.०० | ६०,४५०.०० | ४३,०७८.०० | ४,८००.०० | ३,०००.०० | ५,०००.०० | १,९६०.०० | १,५००.०० | ०.०० | ३,०८,१६२.५० | |
| ४ | ११३१८ | वहाल विटौरी कर | ०.०० | ०.०० | ०.०० | २,४००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,४००.०० | |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | २२,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २२,५००.०० | |
| ६ | ११४७९ | अन्य मनोरञ्जन कर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ११,०००.०० | ०.०० | ०.०० | ६,०००.०० | १७,०००.०० | |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ३४,०००.०० | ०.०० | २,२६,२००.०० | १२,५००.०० | २५,०००.०० | ४,५००.०० | २,५००.०० | १३,१२५.०० | ०.०० | ०.०० | ३,१७,८२५.०० | |
| ८ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ४२,४७५.०० | १६,२७५.०० | ०.०० | २,७५०.०० | १३,५००.०० | ४,०००.०० | १०,५००.०० | २६,९५०.०० | २,०००.०० | १०,०००.०० | १,२८,४५०.०० | |
| ९ | ११६९१ | अन्य कर | ९,४२,१४३.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,९००.०० | ०.०० | ०.०० | ९,४४,०४३.०० | |
| १० | १४१९१ | पर्यटन शुल्क | ७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७,०००.०० | |
| ११ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १,७२,८७८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,७२,८७८.०० | |
| १२ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ३,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,०००.०० | |
| १३ | १४२२१ | न्यायिक दस्तूर | ५००.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० | ०.०० | १,०००.०० | ५००.०० | ०.०० | २,५००.०० | |
| १४ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,०००.०० | |
| १५ | १४२२४ | परीक्षा शुल्क | ३३,९००.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० | ४,८००.०० | ०.०० | ०.०० | ०.०० | ३९,२००.०० | |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,०८,०००.०० | ०.०० | ५,०००.०० | ०.०० | ०.०० | ९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,२२,०००.०० | |
| १७ | १४२४१ | पार्किङ्ग शुल्क | १,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,५००.०० | |
| १८ | १४२४२ | नक्सापास दस्तुर | ८,८६५.०० | ०.०० | ०.०० | २००.०० | ०.०० | ०.०० | ०.०० | ८००.०० | ०.०० | ०.०० | ९,८६५.०० | |
| १९ | १४२४३ | सिफारिश दस्तुर | २,५८,४१७.२० | ३,२२,९००.०० | २,६६,५००.०० | १,७५,११५.०० | १,१२,९००.०० | १,२५,७००.०० | १,१४,१५०.०० | १,७०,८५०.०० | १,८०,०५०.०० | २,७२,५५०.०० | २०,७९,२१२.२० | |
| २० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | ९५,६५०.०० | ९१,४५०.०० | १,२१,९५०.०० | ३३,४५०.०० | २१,९००.०० | ५७,९००.०० | ४७,७५०.०० | ५०,६००.०० | ७२,३५०.०० | ५,९३,०००.०० | |
| २१ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३,५००.०० | ८,६५०.०० | १५,८५०.०० | ५,९००.०० | ४,५५०.०० | ४,४५०.०० | १२,०००.०० | ५,४५०.०० | ८,६००.०० | १८,०५०.०० | ८७,०००.०० | |
| २२ | १४२४९ | अन्य दस्तुर | १२,४५५.९४ | ५,०००.०० | ०.०० | १,०००.०० | ०.०० | ०.०० | ०.०० | ८,६००.०० | ०.०० | ०.०० | २७,०५५.९४ | |
| २३ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००.०० | ०.०० | ०.०० | १,०००.०० | |
| २४ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | २२,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,०००.०० | ०.०० | ३,०००.०० | ०.०० | ०.०० | २९,०००.०० | |
| २५ | १४२६५ | अन्य क्षेत्रको आय | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५०.०० | ०.०० | ०.०० | ०.०० | १५०.०० | |
| २६ | १४३१३ | धरौटी सदरस्याहा | २,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,०००.०० | |
| २७ | १४५२९ | अन्य राजस्व | ३,६६,४८०.२७ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००.०० | ८००.०० | ०.०० | ०.०० | ३,६७,४८०.२७ | |
| २८ | १४६११ | व्यवसाय कर | ३३,६४०.०० | ५,०००.०० | १४,०००.०० | ४,७००.०० | ४,१००.०० | २,०००.०० | ०.०० | २८,४७५.०० | ०.०० | ४,१००.०० | ९६,०१५.०० | |
| २९ | १५१११ | बेरूजू | ६५,७५९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६५,७५९.०० | |
| | | जम्मा | २३,२७,१२५.५७ | ५,७५,५४०.८९ | ७,८३,५०७.४९ | ५,५९,९९२.५९ | २,९२,०२९.७५ | २,५२,५५९.८५ | ४,२१,९९३.३० | ४,६६,१९४.७७ | ३,५८,१२४.०४ | ५,५६,५५२.४१ | ६५,९३,६२०.६६ | |

दायरामा नागरिक नल्याउनु, व्यवसायीको न्यून उपस्थिति, र सचेतनाको कमी प्रमुख कारण रहेको मगर बताउँनु भएको छ। तर यस वर्ष भने करको दायरा विस्तार गर्दै, जनसहभागिता बढाउँदै, घरदैलो अभियानमार्फत करदाताको पहुँचसम्म पुगेको बताउनुभयो।

राजस्व संकलनका मुख्य स्रोतहरूमा भूमिकर, मालपोत, व्यवसाय कर, कृषि तथा पशुजन्य वस्तुको कारोबार कर, न्यायिक दस्तुर, सिफारिस दस्तुर, परीक्षा र प्रशासनिक सेवा शुल्क, व्यवसाय दर्ता तथा जलस्रोतसम्बन्धी करहरू रहेका छन्।

## कुन वडामा कति उठ्यो ?

वडा नं.१ को लुगुमबाट ५ लाख ७५ हजार ५ सय ४० रुपैंया र वडा नं. २ काँक्रीबाट ७ लाख ८३ हजार ५ सय ७ रुँपैया जम्मा भएको छ। यसै गरि वडा नं. ३ सिमादेखी ५ लाख ५९ हजार ९ सय ९२ रुपैंया रहेको छ। वडा नं. ४ काडाँबाट २ लाख ९२ हजार २९ रुपैंया र वडा नं. पाचौँ सेराबाङ्गदेखि २ लाख ५२ हजार ५ सय ५९ रुपैंया जम्मा भएको छ। यसैगरि वडा नं. ६ महतमा ४ लाख २९ हजार ९ सय ९३ रुपैंया र वडा नं. ७ धर्मशालामा ४ लाख ६६ हजार १ सय ९४ रुपैंया जम्मा भएको छ। भने वडा नं. ८ पोखरापाटामा ३ लाख ५८ हजार १ सय २४ रुपैंया र वडा नं. ९ चुन्वाङ्गमा ५ लाख ५६ हजार ५ सय ५२ रुपैंया राजस्व संकलन भएको छ। यस आर्थिक वर्षमा राजस्व संकलन वृद्धि हुनु गाउँपालिकाको आय आर्जन क्षमतामा सुधारको सङ्केत देखिएको छ।

# लुगुममा परम्परागत झाँक्री पर्व



❖ ***सासाहिक संवाददाता***

रुकुम पूर्वको भूमे गाउँपालिका–१ स्थित लुगुम गाउँमा साउन महिनाको पहिलो शनिबार परम्परागत झाँक्री पर्व भव्य रूपमा सम्पन्न भएको छ। दर्जनौं संख्यामा झाँक्रीहरूको सहभागितामा सम्पन्न यस पर्वले पुस्तौं -पुस्तादेखि जीवित रहँदै आएको मौलिक संस्कृति र परम्पराको पुनः एकपटक जीवन्त प्रस्तुति गरेको साउन ३ गते शनिबार गरेको हो। अठार मगरात क्षेत्रका मगर समुदायबीच विशेष मानिने यो पर्वको सुरुवात साउन १ गते 'राँका' बालेर गरिन्छ। आगो बालेर लुतो फाल्ने परम्परा पछ्याइन्छ र मौन अवधि सुरु हुन्छ। यस अवधिमा मकै, काँक्रो, फर्सी, सिमी लगायतका बाली चढाइन्छन्। 'राँके' अर्थात् 'आगो फाल्ने' संस्कारले भूतप्रेतलाई कमजोर पार्ने विश्वास गरिएको स्थानीयले बताएका छन्। लुगुम क्षेत्रमा 'काना सुरपाङ्ग्रे' नामक एक प्रेतात्माले आतंक मच्चाउन थालेपछि झाँक्रीहरूले तान्त्रिक विधिबाट त्यसलाई वशमा पारेका थिए। त्यसै सम्झौतास्वरूप आजसम्म पनि





झाँक्रीहरूद्वारा राक्षस निकाल्ने परम्परा जीवित रहेको ईतिहास रहेको छ। पर्वको मुख्य दिन, झाँक्रीहरूले आफ्ना भान्जाहरूको साथमा तन्त्र–मन्त्र गरी नाचगान, ढ्याङ्ग्रो तताउने, वर्सा टेकाउने, ग्रह दशा निवारण जस्ता विधि सम्पन्न गर्छन्। थर्कीमा ९ फन्का नाचिसकेपछि झाँक्री पोशाक (छेर्ला) लगाई पितृ आत्मा बोलाउने प्रथा अनुसार उनीहरू काम्न थाल्छन।

पर्वकै रमाइलो पक्ष मानिन्छ – युवायुवती, चुम्मीहरूबीचको सिस्नो हानाहान। यसले शरीरमा रहेका अदृश्य भूतप्रेत हटाउने विश्वास छ। त्यसपछि झाँक्रीहरू खाली खोलातिर जान्छन्, जहाँ मन्त्र–बाचा गरेर मुख्य झाँक्रीले 'राक्से' निकाल्छन्।

राक्षसलाई सुरा ठोकेर गाउँ दौडाउँदै झोलेनी बिसौनासम्म पुर्याइन्छ। गाउँ पस्ने क्रममा झाँक्रीहरू घर–घर घुम्छन्। पहिल्यै निम्ता दिइएका घरमा गएर राक्षसको प्रभाव हटाउने परम्परा अनुसार बलि चढाइन्छ, रक्सी वा पानी चढाइन्छ। भालेको बलि दिने परम्परा अझै जीवित छ। भोलिपल्टको दिन 'जुम्जुते' मानिन्छ – जहाँ कडा काम र यात्रा निषेध हुन्छ। टाढाबाट आएका पाहुनाहरू पनि त्यो दिन फर्कँदैनन्।

तेस्रो दिन हिलो खेलेर 'हिलाराम मेला' मनाइन्छ। झाँक्रीका भान्जाहरू नाच्ने र हिलो छ्याप्ने यो दृश्य हेर्न सयौं दर्शक जुट्छन्। झाँक्री पर्व केवल तान्त्रिक–धार्मिक अभ्यास मात्र होइन, एक जीवित सांस्कृतिक सम्पदा पनि हो। लुगुम जस्तो झाँक्रीहरूको बाक्लो बसोबास भएको गाउँमा यस्ता पर्वहरू सामाजिक एकता, सांस्कृतिक जगेर्ना र पर्यटन प्रवर्द्धनको स्रोत बन्दै गएका छन्। स्थानीय सरकारले पनि यस पर्वलाई सांस्कृतिक पर्यटनको रूपमा विकास गर्न विशेष चासो देखाउँदै आएको छ। पर्वको संरक्षण र प्रचार–प्रसारमा वडा कार्यालय अग्रसर रहेको छ।

# चुनबाङको तीन बहिनी लेक पर्यटकीय गन्तव्य बन्दै



❖ *सासाहिक संवाददाता*

गाउँपालिका र प्रदेश सरकारको सहकार्यमा चुनबाङ गैरीगाउँदेखि तीन बहिनीसम्मको ट्रेकिङ पदमार्ग निर्माण भइरहेको छ।

भूमे गाउँपालिकाले २०७४ लाख १ मा ०७५/ हजार विनियोजन गरेर ५० बराह मन्दिरको निर्माण थियो। त्यसपछिका वर्षहरूमा कृषि ज्ञान केन्द्र रोल्पाको सहयोगमा प्रतिक्षालय र खानेपानी सुविधा पुऱ्याएको छ।

भूमे गाउँपालिका–९ चुनबाङस्थित 'तीन बहिनी' धार्मिक स्थल पछिल्लो समय पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै गएको छ। बराह मन्दिर रहेको यस धार्मिक थलोबाट सिस्ने, मानाभेरे, पाथीभेरे हिमालका साथै रोल्पा र रुकुमका थुप्रै रमणीय दृश्य एकैसाथ अवलोकन गर्न सकिन्छ।

बराह मन्दिरको विशेषता यो पनि हो कि यहाँ दलित पुजारी रहने परम्परा कायम गरिएको छ, जसले धार्मिक समावेशिता र सामाजिक समानताको उदाहरण प्रस्तुत गरेको छ। स्थानीयका अनुसार तीन बहिनीले यही स्थानमा बराह भगवानको आराधना गरी आफ्नो मनोकामना पूरा गर्ने गर्दछन्।

तीन बहिनी स्थलबाट खोपिचार, लसुनबारी, चुनबाङको अधिकांश भाग, जुमा, राङ्सी लगायतका स्थानहरू प्रस्ट देख्न सकिन्छ। साथै, नजिकै रहेका भेरीडाँडा संग्रहालय, महत युद्ध फिचर, लाबाङ, थबाङ, र रुकुमकोटको कमल दहजस्ता गन्तव्यसमेत जोड्न सकिने भएकाले यो स्थान अझ आकर्षक बन्ने संकेत देखिएको छ।

तीन बहिनी लेक धार्मिक, ऐतिहासिक, सामाजिक र पर्यटकीय दृष्टिकोणले समेटेर अगाडि बढाउन सकेमा यो स्थल नजिकको भविष्यमा महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्ने सम्भावना प्रबल रहेको छ।

# थवाङ खोलाले बगायो तीन घरका संरचना



भूमे गाउँपालिका –७ धर्मशालामा रहेको थवाङ खोलाले रातभरको अविरल वर्षापछि बस्तीमा पसेर ठूलो क्षति पुऱ्याएको छ। खोलामा आएको बाढीले स्थानीय साउने रोका, कबिराज रोका र सुरेश रोकाको घर वरिपरिको संरचना तथा सामग्रीहरू बगाएको हो। स्थानीय साउने रोकाको घरअगाडि रहेको बारी, खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा र कृषि उपकरणहरू सबै बगाएर खोलाले विनाश गरेको छ। “मकै, आलु, भटमासदेखि चामल, नुन, तेल, कोदाली, कुटी, झ्याप्पल र लुगा–कपडा सबै बगाएको हो। अब त खाली हात भयौं पीडित साउने रोकाले पीडा व्यक्त गर्नुभयो।

यसैगरी, खोलाले कबिराज रोकाको बाख्राको गोठ तथा गोठमा रहेको कृषि सामग्री समेत बगाएको छ। सुरेश रोकाको बंगुरको खोरसमेत बग्दा उनीहरू पूर्ण रूपमा प्रभावित भएका छन्। “हामी आज पूरै सखाप भयौं,” सुरेश रोकाले भने। स्थानीयवासीहरूका अनुसार थवाङ खोलाले पटक–पटक बाढी ल्याएर जनधनमा क्षति पुऱ्याउने गरेको छ। खोलाको कटान तथा बाढी नियन्त्रणका लागि दीर्घकालीन योजना आवश्यक रहेको उनीहरूको माग छ। वडा नम्बर –७ का वडाध्यक्षका अनुसार यो वडा भौगोलिक हिसाबले बाढी, पहिरो र चट्याङको उच्च जोखिममा पर्ने गरेको बतानुभयो।

उहाँको अनुसार अघिल्लो वर्षहरूमा केही ठाउँमा तटबन्ध निर्माण गरिए पनि पूर्णरूपमा नियन्त्रण सम्भव हुन सकेको छैन। “थवाङ खोलाले मग्राखोला देखि मन्पु खुज्रिबाङसम्म विभिन्न ठाउँमा वर्षेनि क्षति पुऱ्याउँछ,” उनले भने।

थवाङ खोलासँगै खुमाखोला, मङ्राखोला, तामारी खोला र झम्जा खोलाबाट पनि बाढी आउने हुँदा अन्य क्षेत्रहरू समेत जोखिममा रहेको जनाइएको छ। घटनापछि वडा कार्यालयले तत्काल राहत सामग्री उपलब्ध गराएको छ। पीडित साउने रोकालाई एक बोरा चामल, पाँच किलो दाल, पाँच लिटर तेल, नुन, साबुन, एक थान फाइबर सिरक, गाग्री, कित्ली, लोत्ता लगायतका सामग्री वितरण गरिएको वडा कार्यालयले जनाएको छ।

# अमेरिका छाडेर हिमाली जिल्लाको सेवामा



**अमेरिका जान पाउँदा धेरै नेपालीको सपना पूरा हुन्छ, तर अमेरिका पुगेपछि त्यागेर फर्किनु दुर्लभ निर्णय हो।**

तर, यो असम्भव लाग्ने कामलाई सम्भव बनाएका छन् रुपन्देहीको तिलोत्तमा नगरपालिका –१, नयाँमिलका ३० वर्षीय डा. कृष्ण खरालले। अमेरिका बस्न सजिलो बाटो हुँदाहुँदै उनले नेपाली जनताको सेवा गर्ने अठोटका साथ स्वदेश फर्केर रुकुमपूर्वको दुर्गम हिमाली जिल्ला रोजेर बसेका छन् भन्दा धेरैलाई पत्यार नलाग्न पनि सक्छ। खरालको यो विषय कुनै काल्पनिक कथा होइन। यो देशप्रेमको असली अनुहार हो। धेरै युवा पुस्ताको पहिलो रोजाई भएको अमेरिकाजस्तो देश छाडेर जहाँ शून्यबाट सुरु गर्नुपर्ने हो, त्यहाँ गएर उनले देखाएका छन्– 'देशमा केही गर्न चाहनेलाई अभाव होइन, साहस चाहिन्छ।' आज रुकुमपूर्वका आमाबुबा, गर्भवती महिला, बिरामी, अपांगता भएका व्यक्तिहरूको आशा बनेका छन् डा. खराल। उनको समर्पण, त्याग र विचारले हजारौं युवालाई प्रेरणा दिन्छ कि देशमा पनि सम्मानित र सन्तोषप्रद जीवन जिउन सकिन्छ। त्यसैले आजको यथार्थमा जब सबैजना अवसर खोज्दै विदेश पलायन भइरहेका छन्, तब डा. खरालजस्ता पात्रहरूलाई मूलधारको नायक बनाउनु समयको माग हो। उनीहरू भित्रको उज्यालोले नै नेपाली समाजलाई स्वस्थ, सक्षम र आत्मनिर्भर बनाउनेछ।

रुकुमपूर्व गएर पनि उनी सदरमुकाममा बसेर दिन कटाएका छैनन्। दुर्गम गाउँमा उनी पुगेका छन् जहाँ आज पनि सडक, संचार र स्वास्थ्य सेवा टाढाको सपना हो। अमेरिका पुग्न अवैध बाटो समाउने त्यही जिल्लाका स्थानीय जब उनलाई अमेरिका छाडेर आएको सुन्छन्, तब अचम्मित भएर सोध्छन्, 'किन यस्तो गल्ती गर्नुभयो ?' उनी विनम्र जवाफ दिन्छन्, 'देशको मायाले, आफ्नै भूमिमा केही गर्ने उद्देश्यले फर्किएको हुँ तर धेरैले विश्वास नै गर्दैनन् लाखौं खर्चेर यहाँका स्थानीय महिनौं हिडेर अमेरिका पुगिरहेका छन्।' डा. खरालजस्ता युवाले देखाउने साहस, सेवा भाव र देशप्रेम नेपालका अन्य दक्ष युवाहरूका लागि प्रेरणाको स्रोत बनेका छन्।

उनले अमेरिका छाडेर चिसो हिमाल अँगालेर जनताको रगतचाप नापिरहेका छन्। यो कथा साधारण छैन, यो आत्मसमर्पणको कथा हो, समर्पण र सम्भावनाको सन्देश हो। 'अमेरिका पुग्ने सपना धेरै नेपालीको हुन्छ, अमेरिका छोड्ने हिम्मत गिनेचुनेको

मात्र', भन्ने भनाइलाई चरितार्थ गरेका छन् उनले। सन् २०२५ को यो समय जहाँ हजारौं नेपाली युवा अमेरिका, अस्ट्रेलिया, क्यानडा र युरोपतिर आकर्षित भइरहेका छन्, त्यहाँ अमेरिका पुगिसकेका एक युवा चिकित्सकले त्यहाँको चम्किलो भविष्य त्यागेर रुकुमपूर्वको दुर्गम गाउँ रोज्नु अचम्म होइन त ? त्यो अचम्म स्थानीयले पनि गरेको उनले सुनाए।'धेरै यो निर्णय गल्ती भयो भनेको अवस्था छ तर मैले गल्ती होइन सही निर्णय हो।यो मेरो देश हो।यहाँका जनताले पनि सेवा पाउनु पर्छ भन्ने भावना बोकेर आएको हुँ भनेर जवाफ दिइरहेको छु' उनले सुनाए।

## सामान्य परिवारः उत्कृष्ट शैक्षिक यात्रा

उनले बाल्यकालदेखि स्नातकसम्मको सम्पूर्ण अध्ययन पूर्ण छात्रवृत्तिमा गरेका छन्।उनका जेठा दाजु नविन सडक विभाग बुटवलको इन्जिनियर र माइला दाजु लक्ष्मण बुटवल उपमहानगरमा इन्जिनियर छन् भने उनका बुबा भागिरथ र आमा शोभा सामान्य पेशामा तिलोत्तमामै बसोबास गर्छन्।परिवारमा उनलाई बुवाआमा तथा दाइहरुले सानैदेखि उनको प्रतिभा देखेर हौस्याउने गर्थे, तर डा. खरालले सधैं पढाइ मात्र होइन, देशसेवा र सामाजिक न्यायप्रतिको प्रतिबद्धता पनि जीवनको मूल मूल्य बनाएका छन्।सामान्य परिवारमा जन्मिएका डा. खराल, नर्सरीदेखि स्नातकसम्मको सम्पूर्ण पढाइ पूर्ण छात्रवृत्तिमा सम्पन्न गर्ने दुर्लभ विद्यार्थी हुन्।

२०६५ सालमा नेपाल सरकारद्वारा सञ्चालन गरिएको एसएलसी बोर्ड परीक्षामा उनी नेपाल तेस्रो भएको बताए।रुपन्देहीकै प्यारामाउन्ट माविबाट एसएलसी सकेपछि उनले काठमाडौंको 'पेन्टागन कलेज'मा विज्ञान विषय लिए।त्यहाँ पनि छात्रवृत्तिमा पढे।त्यसपछि उनले नेपाल सरकारको छात्रवृत्तिमा पोखराको प्रतिष्ठित मणिपाल कलेज अफ मेडिकल साइन्सेसबाट चिकित्साशास्त्रको अध्ययन गरे।उनी सधैं पढाइमा अब्बल थिए तर पढाइसँगै सामाजिक सेवामा पनि गहिरो रुचि राख्थे।पढ्दै गर्दा चिकित्सा शिक्षा सुधार आन्दोलन, विभिन्न स्वास्थ्य शिविर, ग्रामीण सेवामा चिकित्सक शिक्षकको भूमिकामा खटिए।कोभिड महामारीका बेला उनी गोरखा जिल्लाको दुर्गम गाउँमा स्वयंसेवी चिकित्सकका रूपमा गए।पहिलो लहरमा त्यहाँ रहे, दोस्रो लहरमा उनी रुपन्देहीको फर्साटिकर गाउँमा महामारी नियन्त्रण अभियानमा जुटे।त्यो बेला थुप्रै निजी अस्पतालहरू बन्द थिए, धेरै चिकित्सक काम गर्न डराइरहेका थिए।तर, डा. खराल जस्ता युवाले जोखिम मोलेर साना गाउँ–टोलमा पुगे।

कोभिडपछि डा. खराल अमेरिकातर्फ उडे।त्यहाँ उनले क्लिनिकल एक्सपोजर, अवलोकन, अनुभव र विश्वस्तरीय स्वास्थ्य प्रणाली अध्ययन गरे।उनलाई उतै बस्न सजिलो हुन्थ्यो, मेडिकल परीक्षा दिएर जागिर खान सजिलो थियो।तर, उनले निर्णय गरे– 'विदेशमा बस्न सजिलो छ, तर त्यहाँ म नेपाली जनतालाई सेवा गर्न सक्दिन।देश हामीले बनाउनु पर्छ।यहाँका जनताले पनि राम्रो स्वास्थ्य सेवा पाउनु

पर्छ।'आफू देश बनाउन अमेरिका नफर्किएको उनको भनाइ छ।

अमेरिकाबाट फर्किएपछि उनले लोकसेवा आयोगको प्रतिस्पर्धी परीक्षा दिए। कर्णाली प्रदेश लोकसेवामा नाम निकाल्न सफल भए। त्यसपछि संघीय लोकसेवा आयोगमा पनि उत्कृष्ट अंक ल्याएर, आफैंले छनोट गर्दै लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्व गए। आज उनी त्यहाँको जिल्ला अस्पताल रुकुमपूर्वका निमित्त मेडिकल सुपरिटेन्डेन्ट (मेसु) छन्।

## रुकुमको यथार्थः स्वास्थ्य सेवा छैन, विशेषज्ञ छैनन्

रुकुमपूर्व एक दुर्गम हिमाली जिल्ला हो। यहाँ ७० जनाको दरबन्दी भए पनि २५ प्रतिशतभन्दा बढी स्वास्थ्यकर्मी टिक्दैनन्। जिल्ला अस्पतालमा एक जना मात्र विशेषज्ञ चिकित्सक छन्। उनले भने, 'यहाँ बस्न कसैले मान्दैन। साधन, स्रोत, जनशक्ति सबै अभावमा छन्। तर म यिनै अभावका बीच आशा देख्न चाहन्छु। स्वास्थ्य सुधारको थालनी दुर्गमबाटै हुनुपर्छ।' स्वास्थ्यसेवामै जीवन अर्पण गर्ने संकल्पः युवा पुस्ताका लागि प्रेरणा बन्ने उनको लक्ष्य रहेको छ।

हाल उनको नेतृत्वमा रुकुमपूर्वमा अपरेसनदेखि एमर्जेन्सी सेवा, सुरक्षित मातृत्व, बालस्वास्थ्य कार्यक्रम, र दैनिक ओपीडी सुधार अभियान सञ्चालनमा छन्। उनी भन्छन्, 'हामीसँग सबै कुरा छैन, तर जहाँ जो छ त्यहीबाट सुरु गर्नुपर्छ। म यहीबाट उदाहरण देखाउन चाहन्छु, हामीले चाहे सबै कुरा सम्भव छ।'

नेपाली युवाले सधैं भनिरहने 'देशमा अवसर छैन' भन्ने वाक्यको ठाडो प्रतिवाद हुन् डा. खराल। उनले देखाएका छन्, देशमै सम्भावना छ, बटुलेर होइन बनाएर देखाउन सकिन्छ। उनको कथा आजको युवा पुस्तालाई शिक्षा, चेतना, सेवाभाव र आत्मसमर्पणको पाठ सिकाउने कथा हो।

डा. खरालको अर्को लक्ष्य स्वास्थ्य नीतिमा सुधार ल्याउनु, ग्रामीण जनतालाई 'कम्तिमा न्यूनतम सेवा सुनिश्चित' गराउनु, र जिल्लामा सेवा पुग्ने ढोका खोल्नु भएको बताउँछन्। उनी भन्छन्, 'अहिलेको पुस्ताले देश बनाउँछ भने त्यो बनाउने ठाउँ गाउँ हो, अस्पताल हो, स्कूल हो, सहर होइन। म गाउँमै उदाहरण देखाउन चाहन्छु।'

उनी रुकुमपूर्व गएको धेरै भएको छैन तर यहाँ केही सुधारका कामहरु थालेको उनको भनाइ छ। '२ वर्ष बसेर केही नयाँपन दिने हो, म आएपछि अप्रेसन यहीँ सुरु भएको छ, अक्सिजन प्लान्ट बन्द थियो त्यो अघि बढ्यो, भवन निर्माण अलपत्र थियो कामको गति बढेको छ, नयाँ एम्बुलेन्सको व्यवस्थापन भयो, ब्लड बैंक नै छैन।

त्यसको पहल भएको छ, खासगरी डक्टर नै नबस्ने अवस्था छ, त्यसको वातावरण बनाउँदै गएको छु अहिले जिल्लाभरमा एकजना मात्रै विशेषज्ञ डक्टर भएको अवस्था छ' उनले सुनाए।

खरालका अनुसार लामो समय युद्ध भएको क्षेत्र भएकाले यहाँ धेरै मानसिक बिरामी भेटिएका छन्। 'गाउँगाउँमा मानसिक बिरामी धेरै भेटिएका छन्, मैले नै धेरै ठाउँमा शिविर चलाएर मनोरोग विशेषज्ञलाई बोलाएर उपचार थालिएको छ, गाउँगाउँमा शिविर थालिएको छ, यसले नागरिकलाई अपनत्व भएको छ, उनीहरुले आफ्ना समस्या खुलेर बताउन थालेका छन्' उनले भने–'यहाँबाट रिफर गरेर पनि दाङको अस्पताल पुग्न ११ घन्टा लाग्छ, त्यही भएकाले पनि जटिल विषय बाहेकका उपचार गराउने व्यवस्था गरिनुपर्छ भनेर लागेको छु, प्रदेशको मन्त्रालयमा, संघको मन्त्रालयमा यी विषयहरु उठाइरहेको छु म आएपछि बिस्तारै सम्बोधन भएको ठानेको छु।'जिल्ला अस्पतालमा अहिलेसम्म पूर्णरुपमा मेसु नबसेको उनले सुनाए। 'अस्पतालमा मात्रै होइन सबै कार्यालयमा कर्मचारी नै छैनन्, स्थानीयका समस्या निकै रहेछन्, एक ठाउँबाट अर्को ठाउँमा पुग्नै समस्या, आज मात्रै म मैकोटमा शिविर चलाएर आएको हुँ', उनले सुनाए।


## स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि निम्न कुरामा ध्यान दिऔं ।

- नियमित रुपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं।
- खुला दिसा नगर्नें, प्रयोगशाला वा शौचालय प्रयोग गरौं।
- प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं।
- छोराछोरीलाइ विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं।
- घरेलु हिंसा, मदिरा दुरुपयोग र लैंगिक विभेदको विरूद्ध आवाज उठाऔं।
- अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं।
- स्थानीय सरकारद्वारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔं।
- समाजमा सहिष्णुता, आपसी सद्भाव र सहकार्यको भावना फैलाऔं।

सजग नागरिक – समृद्ध गाउँपालिका ।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम पूर्व






## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रूकुम पूर्वको सूचना

सफा र शुद्ध पानीको उपयोगले स्वास्थ्य र जीवनशैलीमा प्रत्यक्ष सुधारले हाम्रो जीवन स्वस्थ रहन्छ।खानेपानीको मुहानहरुमा सरसफाइमा अल्प ध्यानले पनि गम्भीर रोगहरू निम्त्याउन सक्छ।रोग निम्तिन दिन भन्दा पहिले हामी सबै सचेत हुन जरुरी रहेको छ।खानेपानीको उचित हेरचाह उमालेर वा फिल्टर गरेर पिउँदा हाम्रो परिवार र समुदायलाई रोगबाट बचाउन महत्वपूर्ण भूमिका खेल्छ।यसैले, स्वस्थ जीवनका लागि स्वच्छ पानी र सरसफाइमा निरन्तर जागरूकता र सही अभ्यास अपनाउनु आवश्यक छ।

## स्वच्छ खानेपानी, स्वस्थ जीवन।

- स्वच्छ पानी पिउँ, स्वस्थ रहौं।
- खानेपानीको मुहान सफा राखौं, रोगबाट जोगिऔं।
- खानेपानी सरसफाइ अभियानमा सक्रिय सहभागी बनौं।
- जहिले हामी सबैले सफा र शुद्ध पानी मात्रै पिउँ।
- मुहानहरू सुरक्षित राखौं, पानी उमालेर वा फिल्टर गरेर मात्र पिउँ।

## पूर्ण सरसफाई प्राप्तिको लागि निम्न कुराहरू अवलम्वन गरौं।

- दिसापिसावका लागी चर्पिको मात्र प्रयोग गरौं।
- महत्वपुर्ण अवस्थाहरूमा (दिशापिसाव पछि,खाना पकाउनु अघि,खाना खानु अघि)साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्दिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।
- सुरक्षित खानाको प्रयोग गरौं।
- घरभित्र र बाहिरका तरल पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यपस्थापन गरौं।

# कस्तो माटोमा कुन बाली लगाउने ?



कुनै पनि बिरुवाको जरा माटोभित्र फैलिएको हुन्छ। जराले माटोलाई समाउँछ र जमीनमा खडा हुन्छ। जराद्वारा नै तरकारीका बोटबिरुवाहरुले माटो भित्रबाट विभिन्न पोषकतत्वहरु प्राप्त गर्दछन्। माटोमा भएको चिस्यानमा बिरुवालाई आवश्यक पर्ने विभिन्न खनिज तत्वहरु घुलनशील अवस्थामा रहन्छन्।

यी तत्वहरु बोटका जराले शोषण गरेर लिन्छन् र बोटका विभिन्न भागहरुमा पुरयाउँछन। त्यसकारण माटोको रसायनिक तथा भौतिक बनोट र माटोमा रहेका पोषक तत्वहरुले बिरुवाको वृद्धि र विकासमा सहयोग पुरयाउँछन। बिरुवा बढ्नुलाई बृद्धि भनिन्छ भने बढ्न छोडेर फुल्न तथा फल्न थाल्नुलाई विकास भनिन्छ।

**माटोका प्रकारहरु** :बालुवाको मात्रा लगभग ७० प्रतिशत वा त्योभन्दा बढी भएको माटोलाई बलौटे माटो भनिन्छ। धेरैजसो तरकारी बालीहरूका लागि यो माटो राम्रो हुँदैन। बलौटे माटोले पानी अड्याइ राख्न सक्दैन। धेरै पटक सिंचाइ गरिरहनु पर्दछ। यस्तो बलौटे माटोमा पानी पटाउना साथ पानी बगेर जमिनको तल्लो भागमा जान्छ र खनिज तत्वहरू पनि पानीसँगै बगेर जाने हुँदा हामीले दिएको मल बोट बिरुवाले पाउँदैन। तापनि बलौटे माटोमा खरबुजा, तरबुजा, लौका, परवर, फर्सीजस्ता गहिरो जरा जाने लहरे तरकारीहरू खेती गर्न सकिन्छ।

**बलौटे दुमट माटो** :यस्तो माटोमा बालुवाको मात्रा ४० देखि ६० प्रतिशतसम्म हुन्छ। यसमा सिल्ट र मसिनो पांगो माटो पनि मिसिएको हुन्छ। त्यसैले केही समय पानी अड्याएर राख्न सक्छ। यस्तो बलौटे दुमट माटोमा भएका खाद्य तत्वहरू बिरुवाले सजिलैसँग लिन सक्छ।

धेरैजसो जरे तरकारीहरू मूला, गाजर, सलगम, प्याज, लसुन आदिका लागि यस्तो माटो राम्रो हुन्छ। यस्तो माटोमा गोडमेल गर्न र झारपात हटाउन पनि

सजिलो हुन्छ। यस्तो माटोमा २० देखि ४० प्रतिशतसम्म बालुवा हुन्छ। यस्तो माटोमा बालुवा, सिल्ट ९माटोको थेग्रो० मसिनो माटोमा समान रूपमा मिसिएको हुन्छ। यसले धेरै समयसम्म पानी अड्याइ राख्न सक्छ र प्रायः सबै किसिमका खाद्य तत्वहरू बिरुवाले यसबाट पाउँछ।

त्यसैले दुमट माटो तरकारी खेतीका लागि ज्यादै उपयुक्त हुन्छ। यो माटोमा खनजोत र गोडमेल गर्न पनि सजिलो हुन्छ।

**चिम्ट्याइलो माटो** :यो माटोमा १० देखि २० प्रतिशतसम्म मात्र बालुवा हुन्छ। बाँकी सबै सिल्ट र मसिनो माटो हुन्छ। यस्तो माटो सुख्खा अवस्थामा धेरै कडा हुन्छ। खनजोत गर्दा ठूल्ठूला डल्लाहरू निस्कन्छन्। पानी कम हुनासाथ चिरा पर्छ। भिजेको अवस्थामा धेरै चिप्लो हुन्छ यस्तो माटोले पानी धेरै समयसम्म अड्याइराख्न सक्छ। खनजोत गर्न अति गाह्रो हुन्छ। तरकारी खेतीका लागि त्यति उपयोगी हुँदैन। प्रशस्त प्राङ्गारिक मल राखेर यस्तो माटोको सुधार गर्न सकिन्छ। चिम्ट्याइलो माटोमा हावाको सञ्चार कम हुने भएकोले बारम्बार गोडमेल गरेर माटो खुकुलो राख्नु पर्छ।

यस्तो माटोमा बालुवाको मात्रा ज्यादै काम हुन्छ। मसिनो माटो र सिल्ट धेरै हुन्छ। यो माटो सबभन्दा कडा हुन्छ। यस्तो माटोमा धान खेती मात्र राम्रो हुन्छ। अन्य बालीहरू राम्रो हुँदैन। व्यवसायिक रूपमा तरकारी खेती गर्ने किसानले आफ्नो बारीमा कस्तो खालको माटो छ भनेर पहिले नै विचार गरेर तरकारी खेती शुरु गर्नु पर्दछ। वैज्ञानिक तरिकाले माटोको नमुना लिएर प्रयोगशालामा परीक्षण गराएर माटोको स्वास्थको प्रमाणपत्र बनाएर राख्नु पर्छ र समयसमयमा सोही अनुसार मल प्रयोग गर्नुपर्छ।

**रसायनिक मलको प्रयोग** :बोटबिरुवालाई बढ्न, हुर्कन र फलफूल लाग्न अठ्ठार प्रकारका पोषक तत्वहरूको आवश्यकता पर्दछ। तीमध्ये कुनै बिरुवालाई सबै र कुनै बिरुवालाई कुनै–कुनै तत्व मात्र चाहिन्छ। ती तत्वहरु सबै बराबर मात्रामा चाहिने होइन। कुनै तत्व धेरै र कुनै तत्व ज्यादै थोरै मात्रामा भए पनि पुग्दछ।

बिरुवालाई आवश्यक पर्ने ती तत्वहरू हुन् – कार्बन, हाइड्रोजन, अक्सिजन, नाइट्रोजन, फस्फोरस, पोटास, क्याल्सियम, म्याग्नेसियम, जस्ता गन्धक, बोरोन, फलाम, म्याङ्गानिज, तामा, मलिडेनम, क्लोरिन, ब्रोमिन र सिलिका। कार्बन, हाइड्रोजन, अक्सिजन, नाइट्रोजन, फस्फोरस र पोटास बिरुवालाई धेरै मात्रामा चाहिन्छ। अन्य तत्वहरू थोरै मात्रामा आवश्यक पर्दछ। कार्बन, हाइड्रोजन र अक्सिजन बोट बिरुवाले हावा र पानीबाट लिन्छ। हामीले दिइरहनु पर्दैन। अरु सबै तत्वहरू माटोबाट प्राप्त गर्दछ।

माटोबाट प्राप्त हुने तत्वहरू मध्ये नाइट्रोजन, फस्फोरस र पोटास अधिक मात्रामा चाहिने भएकोले गोबर मल, कम्पोष्ट मलका साथै अन्य अर्गानिक मल र रासायनिक मलको रूपमा बालीमा प्रयोग गरिन्छ। अन्य सूक्ष्म तत्वहरू आवश्यकताअनुसार रासायनिक मलबाट दिइन्छ।

रासायनिक मल कल कारखानामा तयार गरिन्छ। गोबर मल वा कम्पोष्ट मल आफ्नै खेत बारीमा तयार गर्न सकिन्छ। हिजो

आज अग्र्यानिक मल बजारमा खरिद गर्न पनि पाइन्छ। भटमास, केराउ, बोडी, सिमी र ढैंचाजस्ता कोसे बालीहरूले जराको गिर्खामा भएको ब्याक्टेरियाको सहयोगमा वायुमण्डलको खुला नाइट्रोजन सोसेर जरामा जम्मा गरी प्रयोग गर्दछन्। साथै, माटोमा समेत नाइट्रोजन थप्दछन्। यस प्रकार कोसेबालीहरूले माटोलाई थप मलिलो बनाउँछन्। मल दुई प्रकारका हुन्छन् – प्राङ्गारिक मल र अप्राङ्गारिक। प्राङ्गारिक मल भन्नाले गोठे मल, गोबर मल, कम्पोष्ट मल, गड्यौले मल, हरियो मल आदि हुन्। अप्राङ्गारिक मल भन्नाले कलकारखानामा तयार हुने रासायनिक मललाई बुझाउँछ।


रासायनिक मल धेरै प्रकारका हुन्छन्। नाइट्रोजनयुक्त मलमा युरिया र अमोनियम सल्फेट बढी प्रचलनमा छन्। फस्फोरसयुक्त मलमा डि.ए.पी., सुपर फस्फेट आदि चलनचल्तिमा छन्। पोटासयुक्त मलमा म्युरेट अफ पोटास र पोटासियम सल्फेट मुख्य छन्। तरकारी बालीमा कहिलेकाहीँ सूक्ष्मतत्वयुक्त मल पनि प्रयोग गर्नु पर्ने हुन्छ। तिनीहरूमा बोरोन, जिङ्क, मोलिब्डेनम, जस्ता, मैङ्गानिज आदि प्रमुख हुन्।

**रासायनिक मलको प्रयोग विधि :** फस्फोरस र पोटास तत्वयुक्त रासायनिक मलहरू बाली लगाउन जग्गा तयार गर्दा एकना ससँग छरेर माटोमा मिलाउने। यसरी माटोमा प्रयोग गरेको रासायनिक मलबाट खाद्यतत्व बिरुवाले आफ्नो जीवन अवधिभर लिन सक्छ। जस्तै सुपरफस्फेट, पोटास, कम्प्लेक्सल आदि। तर यी रासायनिक मलहरूबाट खाद्य तत्व प्राप्त गर्न माटोमा चिस्यान रहिरहनु आवश्यक छ। चिस्यान कम हुने र सिंचाइ गर्न नसकिने क्षेत्रमा रासायनिक मलको प्रयोग नगरे हुन्छ। नाइट्रोजन तत्व पानीमा घुलेर वा हावामा उडेर नष्ट हुन्छ। युरिया अथवा एमोनियम सल्फेट जस्ता नाइट्रोजनयुक्त मलहरू माटोमा धेरै दिन रहन नसक्ने भएकाले बोटबिरुवा उम्रेको वा सारेको २५–३० दिनपछि र फूल फुल्ने समयमा पटक–पटक गरी प्रयोग गर्नुपर्छ। खेत तयार गर्दा यो मल सबै प्रयोग गर्नुहुँदैन। यसरी बिरुवा हुर्कने बेलामा मल प्रयोग गर्ने तरिकालाई "टप डेसिङ्ग" भन्दछन्। टप डेसिङ्ग गर्दा बोटबिरुवाको पात र जरामा नपर्ने गरी जराको वरिपरि औंठी आकारमा माटो खोर्सेर युरिया वा एमोनियम सल्फेट मल राखी माटोले ढाकिदिनु पर्छ। रासायनिक मल दिंदा माटोमा चिस्यान हुन आवश्यक छ। एकै पटक बढी मल हालेमा बिरुवालाई जलाइदिने हुँदा कति मात्रा राख्ने भन्नेमा होसियार हुनु पर्दछ। विरुवाअनुसार मलको मात्रा फरक हुने हुँदा भरसक कृषि प्राविधिकको सल्लाह लिनु राम्रो हुन्छ।

**प्राङ्गारिक मलको प्रयोग विधि** :बोट बिरुवाको पात, हांगाविंगा, झारपात र घाँसमा पशुको मलमूत्र मिसाई तयार गरिएको मललाई प्राङ्गारिक मल भनिन्छ। हिजो आज गड्यौलाबाट पनि यस्तो मल तयार गरिन्छ। प्राङ्गारिक मल पनि धेरै प्रकारका हुन्छन्। जस्तै गोठे मल, गोबर मल, कम्पोष्ट मल, पीना, गड्यौली मल,

जैविक मल आदि। गाईवस्तुका मलमूत्र, पात पतिङ्गर, घाँस र झारपात नमिसाई कुहाएर बनाएको मललाई गोबर मल अथवा गोठे मल भन्दछन्।

गोबर मललाई राम्ररी कुहाएर हाल्नाले जग्गाको उर्वरा शक्ति बढ्दछ। तरकारीको उत्पादन बढ्छ। गोबर मल राम्ररी नकुहाएर काँचो प्रयोग गरेमा खुम्रे किराको प्रकोप बढ्छ। बिरुवाले काँचो गोबरबाट राम्रोसँग पोषक तत्व प्राप्त गर्न सक्दैन। मकै छर्नुभन्दा एक महिना अगाडि नै बारीमा मल छरेर राख्ने चलन छ। यसो गर्दा मलमा रहेको बिरुवालाई चाहिने तत्व हावामा उडेर जान्छ र घामले सुकाउँछ। बिरुवाले पाउन सक्दैन। त्यसैले बिरुवा छर्नु वा रोप्नुभन्दा एक दुई हप्ता अगाडि बारीमा मल राखेर तुरुन्त जोतेर माटोमा मिलाउनु पर्छ। कुखुराको सुली, घोडाको लिदी, बंगुर तथा भेडाबाख्राको मल आदि पनि प्राङ्गारिक मलको रूपमा प्रयोग गर्न सकिन्छ तर यसलाई पनि खाल्डोमा राम्रोसँग कुहाएर मात्र प्रयोग गर्नुपर्छ।



भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

**जनहितमा जारी सन्देश**

- जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्‍याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।



भूमे गाउँपालिका रूकुम पूर्वको सचेतनामुलक सन्देश

आपतकालीन सुरक्षा र विपद् व्यवस्थापन

- भूकम्प सुरक्षा अपनाऔं, सुरक्षित बसोबास गरौं।
- बाढीपहिरोबाट बच्न सचेत बनौं, सुरक्षाका उपाय अवलम्बन गरौं।
- अग्नि सुरक्षा अपनाऔं, आगलागीबाट जोगिऔं।
- आपतकालीन अवस्थामा धैर्य राखौं, सुरक्षित स्थानमा रहौं।

लैंगिक समानता र सामाजिक न्याय

- महिलाहरू माथि हुने हिंसा अन्त्य गरौं, समान समाज बनाऔं।
- समानता सबैका लागि, विभेदरहित समाज निर्माण गरौं।
- बालविवाह रोकौं, बालबालिकाको भविष्य सुनिश्चित गरौं।
- अपांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गरौं।

स्थानीय कर, कानुन र प्रशासन

- स्थानीय कर समयमा तिरौं, सेवा सुविधाको उपयोग गरौं।
- सरकारी सेवा प्रवाहलाई पारदर्शी बनाऔं, उत्तरदायी प्रशासन निर्माण गरौं।
- हाम्रो अधिकार र कर्तव्य बुझौं, कानुनको पालना गरौं।
- सुरक्षित यात्रा गरौं, सवारी नियम पालना गरौं।

स्वास्थ्य र सरसफाइ

- स्वस्थ जीवनशैली अपनाऔं, सफा र स्वस्थ समुदाय निर्माण गरौं।
- नियमित हात धोऔं, रोगबाट जोगिऔं।
- खोप लगाऔं, रोगप्रतिरोधी शक्ति बढाऔं।
- स्वच्छ खानेपानी प्रयोग गरौं, पानीजन्य रोगहरूबाट बचौं।

शिक्षा र बालअधिकार

- शिक्षा सबैका लागि, आधारभूत अधिकारका लागि।
- बालश्रम रोकौं, शिक्षामा लगाऔं।
- छोरीलाई पनि शिक्षा दिऔं, समान अवसर सिर्जना गरौं।
- विद्यालय जान प्रेरित गरौं, शिक्षाको उज्यालो भविष्य निर्माण गरौं।

वातावरण संरक्षण

- वृक्षरोपण गरौं, हरियाली प्रवर्द्धन गरौं।
- फोहरलाई वर्गीकरण गरौं, रिसाइकल गर्न सहज बनाऔं।
- नदी, ताल र पोखरी सफा राखौं, वातावरण स्वच्छ बनाऔं।
- प्लास्टिकको प्रयोग कम गरौं, प्राकृतिक स्रोतहरूको संरक्षण गरौं।